# नेपालगंज उप–महानगरपालिका

नगर कार्यपालिकाको कार्यालय

नेपालगंज, बाँके

लुम्बिनी प्रदेश, नेपाल

## औषधी तथा सर्जिकल सामाग्री खरिद सम्बन्धी सिलबन्दी दरभाउपत्र आहवानको सूचना

(सूचना प्रकाशित मिति : २०७९।०२।१०)

यस उप–महानगरपालिकाको लागि आवश्यक पर्ने औषधि तथा सर्जिकल सामाग्री खरिद गर्नु पर्ने भएकोले सम्बन्धित इजाजतपत्र प्राप्त इच्छुक ब्यक्ति, फर्म, तथा कम्पनीबाट निम्न शर्तहरूको अधिनमा रही रित पूर्वकको १५ (पन्ध्र) दिने सिलबन्दी दरभाउपत्र आह्वान गरिएको छ ।

१. अद्यावधिक नविकरण गरेको ईजाजतपत्र, स्थायी लेखा नम्बर प्रमाणपत्र, मू.अ.कर दर्ता प्रमाणपत्रको प्रतिलिपि, आ.व.०७७/०७८ सम्मको आयकर चुक्ता प्रमाणपत्रको प्रतिलिपि अथवा म्याद थपको पत्र र निवेदन सहित तोकिएको दस्तुर रू.१००० (एक हजार) तिरी (पछि फिर्ता नहुने) यो सूचना प्रकाशित भएको मितिले १६ औं दिनको १२:०० बजे भित्र दरभाउदाताले सार्वजनिक अनुगमन कार्यालयको **www.bolpatra.gov.np** बाट **download** तथा **upload** गर्न सक्ने ब्यवस्था गरिएको छ । यस कार्यालयको राष्ट्रिय वाणिज्य बैंक नेपालगंज स्थित आम्दानी खाता ४१३०१००३०१०१०००२ मा जम्मा गरेको भौचरलाई दरभाउपत्र कागजात साथ **upload** गर्नु पर्नेछ ।

२. दर्ता भएका दरभाउपत्रहरू सोही दिन (२०७९।०२।२५) दिनको १४:०० बजे दरभाउपत्रदाता वा निजहरूका प्रतिनिधिहरू र कार्यालयका प्रतिनिधिहरूको रोहबरमा यस कार्यालयमा खोलिने छ । दरभाउपत्रदाता वा निजको प्रतिनिधी उपस्थित नभएका पनि सिलबन्दी दरभाउपत्र खोल्न कुनै बाधा पर्ने छैन

३. दरभाउपत्र खरिदको अन्तिम दिन तथा दर्ता गर्ने वा खोल्ने दिन सार्वजनिक विदा परेमा सो को भोली पल्ट क्रमशः कार्यालय खुलेको दिन सोही समयमा हुनेछ ।

४. दरभाउपत्र साथ रू.१,२०,५००।००. (अक्षरूपी एक लाख विस हजार पाच सय रूपैया मात्र) रकम बराबर नगदै यस कार्यालयको राष्ट्रिय बाणिज्य बैंक लि. स्थित यस कार्यालयको धरौटी खाता नं. ४१३०१००३०३००००००२ मा जम्मा गरेको भौचर वा मान्यता प्राप्त वाणिज्य बैंकबाट यस कार्यालयको नाममा जारी भएको प्रचलित कानुनले तोकेको मान्य अवधि भएको जमानीपत्र (विडवन्ड) पेश गर्नु पर्नेछ ।

५. दरभाउपत्र स्वीकृत भएपछि सूचना अनुसारको अंकको सार्वजनिक खरिद ऐन २०६३ र नेपालगंज उप–महानरपालिकाको सार्वजनिक खरिद नियामावली २०७६ अनुसार हुने रकम बराबरको धरौटी यस उप–महानगरपालिकाको राष्ट्रिय बाणिज्य बैंक लि. नेपालगँज स्थित धरौटी खाता नं. ४१३०१००३०३००००००२ मा जम्मा गरेको बैंक भौचर वा कार्यालयले तोकेको अवधि सम्मको बैंक कार्यसम्पादन जमानत पत्र पेश गर्नु पर्ने छ ।

६. दरभाउपत्र साथ सम्बन्धित दरभाउपत्रदाताले खरिद कारबाहीमा भाग लिन अयोग्य नभएको, खरिद कार्यबाहीमा आफनो स्वार्थ नबाझिएको र पेशा सम्बन्धी कसुरमा आफुले सजाय नपाएको भनी लिखित रूपमा ब्यक्त गरेको स्व–घोषणा कागजातमा हस्ताक्षर गरेको र सहिछाप लगाएको हुनुपर्नेछ ।

७. दरभाउपत्रदाताले दरभाउपत्रमा दररेट भर्दा मूल्य अभिबृद्धिकर बाहेकको दररेट उल्लेख गर्नुपर्नेछ ।

८. सारभूत रूपमा प्रभावग्राही दरभाउपत्रहरूमध्ये आइटमबाइज रूपमा सबैभन्दा घटीदर कबोल गर्ने फर्मको दरभाउपत्र स्वीकृत गरिनेछ ।

९. दरभाउपत्र स्विकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार उप–महानगरपालिकालाई हुनेछ ।

१०. रित नपुगेको, म्याद नाघी प्राप्त भएको वा केरमेट भै अंक/अक्षर नबुझिने दरभाउपत्रदाताको हस्ताक्षर नभएको दरभाउपत्र उपर कुनै कारबाही हुने छैन ।

११. औषधि खरिद गर्दा **GMP Certified Company** बाट उत्पादित औषधिहरू मात्र खरिद गरिने छ र बोलपत्रको साथमा सोको प्रमाणित प्रतिलिपी पेश गर्नुपनेछ । बोतलमा सप्लाई हुने औषधिहरू प्लाष्टीक बोतलमा भएको हुनु पर्नेछ र बांकी औषधीहरू स्ट्रीपमा हुनुपर्नेछ ।

१२. खरिद हुने औषधिहरूको म्याद सम्बन्धमा उक्त औषधिको यस कार्यालयमा बुझाउंदा सम्म Manufacturing Date बाट Expiry Date कम्तीमा ७५ प्रतिशत दिन बांकी हुनुपर्नेछ। सो भन्दा घटी म्याद भएका औषधिहरू स्वीकार गरिने छैन ।

१३. औषधि आपुर्तीकर्ताले आपूर्ती गर्ने औषधिहरूको बोतल तथा स्ट्रीप लगायतका सम्पूर्ण औषधि तथा समाग्रीहरूमा **निःशुल्क वितरणका लागि** भन्ने उल्लेख भएको हुनु पर्नेछ ।

१४. औषधी सप्लाई गर्ने कम्पनीले फर्महरुको नाममा औषधिहरूको छुट्टाछुट्टै Manufactures Authorization Letter प्रमाणपत्रको प्रतिलिपि पेश गर्नुपर्नेछ ।

१५. अन्य हकमा सार्वजनिक खरिद ऐन २०६३, र नेपालगंज उप–महानरपालिकाको सार्वजनिक खरिद नियामावली २०७६ बमोजिम हुनेछ । थप जानकारीको लागि कार्यालयको फोन ०८१-५२०१५१ मा सम्पर्क गर्न सकिने छ ।

| सूचना नं. | बिवरण | जमानत रकम |
|---|---|---|
| | औषधी तथा सर्जिकल सामाग्री खरिद | रू.१,२०,५००। |